# प्रभु बैंक लिमिटेड

बबरमहल, काठमाडौं

## चौबीसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९ राजधानी दैनिक)**

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८२ साल पुस ०८ गते बसेको सञ्चालक समितिको चार सय एकऔं बैठकको निर्णय बमोजिम यस **प्रभु बैंक लिमिटेड**को चौबीसौं वार्षिक साधारण सभा निम्नलिखित प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध छ।

**सभा हुने मिति, स्थान र समय :**

**सभा हुने मिति : २०८२ साल पुस ३० गते बुधवार (तदनुसार सन् २०२६ जनवरी १४ तारेख)**
**समय : बिहान ११:०० बजे।**
**स्थान : बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं।**

**छलफलका प्रस्तावहरु :**

१. सञ्चालक समितिको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८१/०८२ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण र संलग्न अनुसूची उपर छलफल गरी पारित गर्ने।
३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण पारित गर्ने।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउटेण्ट्स, बिशालनगर, काठमाडौं पुनः नियुक्तीका लागि योग्य रहेको।)
५. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**अमित भण्डारी**
**(कम्पनी सचिव)**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ।
२. बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन र छलफलमा सहभागी हुन पाउने छन्। नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र छलफल गर्न सक्नेछन्। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
३. संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएको अवस्थामा त्यस्ता साझेदारहरुद्वारा मनोनीत साझेदार वा निजहरुले मनोनीत गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनीत नगरेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले साधारण सभामा भाग लिन पाउनेछ।
४. सभामा भाग लिन र छलफल गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र (प्रोक्सी फारम) दर्ता गराई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा २४ घण्टा अगावै यस बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दिनु पर्नेछ। नयाँ प्रतिनिधि (प्रोक्सी) को हकमा दफा ४ र ५ बमोजिम हुनेछ।
७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ।
८. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि (प्रोक्सी) बदर गरी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ।
९. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयका सम्बन्धमा सभा हुनुभन्दा ७ दिन अगावै यस बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ। त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन।
१०. मिति २०८२/०९/१८ गते १ दिनका लागि शेयर दाखिल खारेज दर्ता बन्द (बुक क्लोज) गरिनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/१७ गतेसम्म कारोबार भई मिति २०८२/०९/२५ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंले प्राप्त गरेको नामसारीको कागजातका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन र छलफल गर्न पाउने छन्।
११. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको (DEMAT Account No.) प्रमाण प्रस्तुत गरेपछिमात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ।
१२. सुरक्षाको दृष्टिकोणले सभा स्थलमा प्रवेश गर्दा शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सभा स्थलमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ।
१३. सभा सम्बन्धी अन्य जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय बबरमहल काठमाडौं वा यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन वा बैंकको वेबसाइट www.prabhubank.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००